विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०२/११ मा बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | पूर्व निर्णयहरूको कार्यान्वयन समीक्षा सम्बन्धमा। | गत नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयनको सम्बन्धमा छलफल तथा समीक्षा गरियो। |
| २ | आगामी आ.व.२०८१/०८२ को बजेट सीमा निर्धारण तथा मार्गदर्शन सम्बन्धमा। | आगामी आ.व.२०८१/०८२ को वार्षिक बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन, बजेटको कुल सीमा, आय-व्ययको अनुमानित विवरण र विषय क्षेत्रगत एवम् वडागत बजेट सीमा **अनुसूची-१** मा संलग्न अनुसार सर्वसम्मतिले स्वीकृत गरियो। वडाको बजेट सीमा निर्धारणका लागि रु.१ करोड ६० लाख सबै वडालाई समान रुपमा न्यूनतम सीमा कायम गर्ने र रु.१० करोडलाई राष्ट्रिय योजना आयोगबाट निर्धारित ढाँचा बमोजिम जनसंख्या ३०%, क्षेत्रफल २०%, पूर्वाधार विकासको अवस्था २०%, राजस्व परिचालनको अवस्था २०% र लागत सहभागिताको अवस्था १०% भार कायम गरी बाडफाँट गर्ने र पूर्वाधार विकासको अवस्था वडाहरूलाई देहाय बमोजिम वर्गीकरण गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, बजेट सीमा रु.२ करोड नपुगेका वडाहरूका लागि जम्मा रु.१५,१७,०००।० थप गरी न्यूनतम रु.२ करोड वडास्तरीय बजेट सीमा निर्धारण गर्ने निर्णय गरियो।<br><br>**<u>सबैभन्दा पिछडिएको वडाको आधारमा क्रमशः</u>**<br>वर्ग A – वडा नं. वडा नं. १४, १६, १८, १९ (प्रति वडा अङ्क ६.५०)<br>वर्ग B – वडा नं. ४,५,६,११,१२,१३,१५,१७ (प्रति वडा अङ्क ५.५०)<br>वर्ग C – वडा नं. १, २, ३, ८ (प्रति वडा अङ्क ४.५०)<br>वर्ग D – वडा नं. ७, ९, १० (प्रति वडा अङ्क ४.०) |
| ३ | विराटनगर ११ स्थित टर्मिनल सहितको बसपार्क व्यवस्थापनका लागि श्री रुद्राक्ष विल्डर्स प्रा.लि., काठमाडौं सँगको ठेक्का व्यवस्थापन सम्बन्धमा। | विराटनगर ११ स्थित टर्मिनल सहितको बसपार्क व्यवस्थापनका लागि सार्वजनिक सूचनामार्फत बोलपत्रको माध्यमबाट चालु आ.व.२०८०/०८१ को माघ महिनादेखि आ.व.२०८२/०८३ सम्मको ठेक्का व्यवस्थापनको प्रक्रिया सञ्चालन गरिएकोमा श्री रुद्राक्ष बिल्डर्स प्रा.लि., काठमाडौंले मात्र बोलपत्र पेस गरेको र उक्त बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई स्वीकृत भएकोमा सो बोलपत्रदाताले सूचना बमोजिमको तीन आ.व.को कार्यसम्पादन जमानत पेस गर्न नसकेकोले तत्कालका लागि बोलपत्रदाताले कबोल गरेको ठेक्का रकम अनुसार चालु आ.व.मा बुझाउनुपर्ने रकम अग्रीम बुझाई/बुझिलिई अस्थायी चलानमार्फत शुल्क सङ्कलन गरिरहेकोले सम्वत् २०८१ जेठ मसान्तभित्र उक्त बोलपत्रदाताले आ.व.२०८१/०८२ सम्मको कार्यसम्पादन जमानत पेस गरेमा बाँकि आ.व.२०८२/०८३ को जमानत सम्वत् २०८२ बैशाख मसान्तसम्ममा पेस गर्ने शर्तमा ठेक्का व्यवस्थापनको सम्झौता गर्ने एवम् उल्लिखित बमोजिमको कार्यसम्पादन जमानत तोकिएको समयमा बोलपत्रदाताले पेस गर्न नसकेमा बोलपत्र जमानत (धरौटी) जफत गरी ठेक्का रद्द गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ४ | आ.व.२०८१/०८२ का लागि सडक पूर्वाधार उपयोग सेवा शुल्क सङ्कलनको ठेक्का व्यवस्थापन सम्बन्धमा। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको वित्तीय अधिकारक्षेत्र अन्तर्गत विराटनगर महानगरपालिकाको आ.व.२०८१/०८२ को सडक पूर्वाधार उपयोग सेवा शुल्क सङ्कलनका लागि ठेक्का व्यवस्थापन गर्न स्थानीय राजस्व परामर्श समितिको सिफारिस समेतको आधारमा आ.व.२०८०/०८१ मा कबोल गरेको ठेक्का रकम रु.६०,००,९९९।० (साठी लाख नौसय उनान्सय रुपैयाँ) लाई न्यूनतम ठेक्का अङ्क कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

| क.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| ५ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन सम्बन्धमा। | स्थानीय तहका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ बमोजिम तयार गरिएको विराटनगर महानगरपालिकाको आ.व.२०७९/०८० को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन सर्वसम्मतिले स्वीकृत गरियो। |
| ६ | विराटनगर महानगरपालिकाका कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा। | कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० बमोजिम विराटनगर महानगरपालिका अन्तर्गत स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यको प्रयोजनार्थ "विराटनगर महानगरपालिकाका कर्मचारीहरूको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१" को मस्यौदा उल्लिखित ऐनको दफा १०३ को उपदफा (३) मा भएको व्यवस्था बमोजिम प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरलाई आवश्यक परामर्शका लागि पठाउने सर्वसम्मतिले स्वीकृत गरियो। |
| ७ | विविध। | (क) विराटनगर महानगरपालिका क्षेत्रभित्र पर्ने घर जग्गाहरूको रजिष्ट्रेशन हुने लिखतहरूमा न्यूनतम मूल्याङ्कन कायम गर्ने प्रयोजनार्थ आ.व.२०८१/०८२ को न्यूनतम मूल्याङ्कन तयार गर्ने सन्दर्भमा आ.व.२०८०/०८१ को मूल्यमा के कति थपघट गर्न सकिन्छ? भनी भूमिसुधार तथा मालपोत कार्यालय, विराटनगर, मोरङबाट राय तथा विवरण माग भई आएको हुँदा सो सम्बन्धमा आगामी आ.व.२०८१/०८२ का लागि चालु आ.व. २०८०/०८१ अनुसारकै मूल्याङ्कन दर कायम हुन सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ख) साविकमा जिल्ला जलस्रोत समिति, मोरङमा दर्ता भई सञ्चालनमा रहेको जामुनगाछी सामुदायिक खानेपानी उपभोक्ता समिति, विराटनगर ४ (साविक ५) ले संस्था नवीकरण तथा विधान संशोधनका लागि महानगरपालिकामा निवेदन पेस गरेको र नेपालको संविधान एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा खानेपानी तथा सरसफाई ऐन, २०७९ ले तोके बमोजिम स्थानीय खानेपानी सेवा सम्बन्धी अनुमति दिने तथा संस्था/उपभोक्ता समिति दर्ता गर्ने अधिकार स्थानीय तहको हुने भएकोमा महानगरपालिकामा सो सम्बन्धी आवश्यक व्यवस्था गर्ने कार्य प्रक्रियामै रहेकोले तत्कालका लागि जिल्ला समन्वय समिति, मोरङबाट संस्था दर्ता तथा अनुमति सम्बन्धी सक्कल फायल झिकाई गत आ.व.सम्म संस्था नवीकरण भइआएको, समयमा नियमित साधारण सभा गरेको र चुक्ता गर्नुपर्ने कर चुक्ता गरेको भएमा वार्षिक शुल्क रु.२,०००।० लिनेगरी दुई वर्षका लागि उक्त संस्था एवम् सोही प्रकारका संस्था/समितिको नवीकरण गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

अधिकृत आठौं

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश

<u>अनुसूची-१</u>

*(विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०२/११ को बैठक, बैठक संख्या ६)*

विराटनगर महानगरपालिका

विराटनगर, मोरङ, कोशी प्रदेश

**<u>आ.व.२०८१/०८२ को लागि प्रस्तावित बजेट सीमा तथा व्यय खर्चको विवरण:-</u>**

| सिन | व्यय शीर्षक | प्रस्तावित बजेट सीमा तथा व्यय विवरण |
|---|---|---|
| | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ५९००००००० |
| | ऋणको सावा व्याज | ५००००००० |
| | चालु आ.व.को दायित्व | ३३४८३००० |
| | समपुरक कार्यक्रम | ६१०००००० |
| | **वडास्तरीय योजना कार्यक्रम** | ४०५५१७००० |
| | वडा कार्यालको लागि प्रशासनिक खर्च | २४७९५००० |
| | वहुवर्षिय ठेक्का तथा गौरवका आयोजना एवं दायित्व सारी आएका योजनाहरुको भुक्तानी | ५०००००००० |
| | बस्ती विकास कार्यक्रम र तराई मधेस समृद्धि कार्यक्रम | ५६०००००० |
| | मर्मत सम्भार | १०००००००० |
| | RUDP/STIEUP अन्तर्गतको सडक, ढल, नाला तथा अन्य मर्मत सम्भार | ४५०००००० |
| | Heavy Equipment Vehicle खरिद | २००००००० |
| | | **१८८५७९५०००** |
| | **विषय क्षेत्रगत (शाखा/महाशाखा) बजेट सीमा** | |
| क | **सामाजिक विकास** | |
| | शैक्षिक विकास कार्यक्रम | ७८७८०१००० |
| | स्वास्थ्य विकास कार्यक्रम | २०५७९३००० |
| | महिला लक्षित कार्यक्रम | ९९५७००० |
| | संघ संस्था | २७०००००० |
| | लक्षित वर्ग कार्यक्रम ( आदिवासी जनजाति, दलित, मधेशी अल्पसंख्यक तथा यौनिक | ६२८६००० |
| | बालबालिका लक्षित कार्यक्रम | ७०८०००० |
| | युवा विकास कार्यक्रम | ९५८४००० |
| | रोजगार प्रवर्द्धन कार्यक्रम | ७०४६००० |
| | खेलकुद विकास कार्यक्रम | १०८००००० |
| | जेष्ठ नागरिक | ९९५००० |
| | अपाङ्गता क्षमता विकास कार्यक्रम | २८०८००० |
| ख | **आर्थिक विकास** | |
| | कृषि विकास | १०३००००० |
| | पशुपक्षी तथा भेटनरी | १५३९७००० |
| | सहकारी | २४००००० |
| | उधमशिल विकास | ५०००००० |
| | उपभोक्ता हित संरक्षण | ८५०००० |
| | पर्यटन प्रवद्धन, (प्रदशनी, मेला तथा महोत्सव समेत) | १९४००००० |

| सिन | व्यय शीर्षक | प्रस्तावित बजेट सीमा तथा व्यय विवरण |
|---|---|---|
| ग | **वन वातावरण तथा विपद व्यवस्थापन** | |
| | विपद व्यवस्थापन | १२०००००० |
| | वन वातावरण तथा जैविक विविधता | ३५५०००० |
| | सरसफाई कार्यक्रम | १३०००००० |
| घ | **सुशासन तथा संस्थागत विकास** | |
| | राजस्व सुदृढीकरण | ३०००००० |
| | नगर प्रहरी तथा ट्राफिक व्यवस्थापन | ४०००००० |
| | शहरी विकास (घर नक्शा) | ९०००००० |
| | सुचना तथा सञ्चार (मिडिया) | ६०००००० |
| | सुचना तथा प्रविधि | ८०००००० |
| | सुशासन तथा सेवा प्रवाह | १०८४५००० |
| | कानुन तथा न्यायिक समिति | ७२५०००० |
| | फोहोरपानी प्रशोधन केन्द्र | २९५००००० |
| | भूउपयोग, आवास तथा वस्ती विकास कार्यक्रम | ८५४९००० |
| | विद्युतीकरण कार्यक्रम | २०९००००० |
| | अन्य नगर स्तरिय योजना | ३५०००००० |
| | जम्मा | ३४९९८८६००० |

अधिकृत आठौं

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश

विराटनगर महानगरपालिका

विराटनगर, मोरङ, कोशी प्रदेश

आ.व.२०८१/०८२ का लागि वडागत बजेट सीमा विवरणः-

| वडा नं. | सुत्रका आधारमा थप हुने रकम | न्युनतम बजेट सिमा रकम | रु.२ करोडमा नपुग रकम | जम्मा वजेट सिमा रकम |
|---|---|---|---|---|
| १ | ४५४२००० | १६०००००० | | २०५४२००० |
| २ | ४५००००० | १६०००००० | | २०५००००० |
| ३ | ६४४२००० | १६०००००० | | २२४४२००० |
| ४ | ९०९८००० | १६०००००० | | २५०९८००० |
| ५ | ६९७४००० | १६०००००० | | २२९७४००० |
| ६ | ५९९०००० | १६०००००० | | २१९९०००० |
| ७ | ४६९०००० | १६०००००० | | २०६९०००० |
| ८ | ५१६८००० | १६०००००० | | २११६८००० |
| ९ | ४६२३००० | १६०००००० | | २०६२३००० |
| १० | ४४०६००० | १६०००००० | | २०४०६००० |
| ११ | ५३८२००० | १६०००००० | | २१३८२००० |
| १२ | ६३०६००० | १६०००००० | | २२३०६००० |
| १३ | ३४८०००० | १६०००००० | ५२०००० | २०००००००० |
| १४ | ६४२६००० | १६०००००० | | २२४२६००० |
| १५ | ३७२७००० | १६०००००० | २७३००० | २०००००००० |
| १६ | ३८९२००० | १६०००००० | १०८००० | २०००००००० |
| १७ | ३३८४००० | १६०००००० | ६१६००० | २०००००००० |
| १८ | ५७३४००० | १६०००००० | | २१७३४००० |
| १९ | ५२३६००० | १६०००००० | | २१२३६००० |
| जम्मा | १०००००००० | ३०४०००००० | १५१७००० | ४०५५१७००० |

अधिकृत आठौं

विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश

अनुसूची-१

*(विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८१/०२/११ को बैठक, बैठक संख्या ६)*

विराटनगर महानगरपालिका

विराटनगर, मोरङ, कोशी प्रदेश

आ.व.२०८१/०८२ को लागि प्रस्तावित अनुमानित आय विवरणः-

| | |
|---|---|
| **वित्तिय समानिकरण अनुदान** | **३५१५२९०००** |
| संघीय सरकार | ३२६६०००० |
| प्रदेश सरकार | २४९२९००० |
| **बाडफाँटवाट प्राप्त राजश्व** | **८३६९२९०००** |
| मु.अ. कर | १६११७६१२६ |
| अन्तशुल्क | ५८५४१२७९ |
| वन रोयल्टी | ५८२५९५ |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ५६७९२८००० |
| सवारी साधन कर | ३८७०१००० |
| मनोरञ्जन तथा विज्ञापन कर | १०००००० |
| **आन्तरिक राजश्व** | **११०८६८५०००** |
| **मौज्दात** | **२५००००००** |
| जम्मा | **२५४७१४३०००** |
| **संघीय सरकार शशर्त, विशेष, समपुरक अनुदान** | **८९३७०००००** |
| संघीय सरकार शशर्त अनुदान | ८०७७००००० |
| संघीय सरकार विषेश अनुदान | ७५०००००० |
| संघीय सरकार समपुरक अनुदान | ११०००००० |
| **प्रदेश सरकार शशर्त अनुदान** | **५९०४३०००** |
| प्रदेश सरकार शशर्त अनुदान | ३९०४३००० |
| प्रदेश सरकार समपुरक अनुदान | २०००००० |
| जम्मा | **९५२७४३०००** |
| कूल जम्मा | **३४९९८८६०००** |

अधिकृत आठौं

विराटनगर महानगरपालिका नगर कार्यपालिका कार्यालय विराटनगर, मोरङ कोशी प्रदेश